# AML/CFT सम्बन्धमा सहकारी संस्थाहरुसँग अनुशिक्षण कार्यक्रम सम्पन्न

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र goAML रिपोर्टिङ्ग सम्बन्धमा गण्डकी प्रदेशका सहकारी संस्थाहरुको सहभागितामा २०८३ जेठ २५ गते नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको सभाहलमा एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न भयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयको सहभागितामा भएको सो कार्यक्रममा गण्डकी प्रदेशमा सञ्चालित सहकारी संस्थाहरु, प्रदेश सहकारी संघहरु, जिल्ला विषयगत संघ, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, पोखरा महानगरपालिका लगायत विभिन्न ५० भन्दा बढी सहकारी संस्थाहरुबाट ८० भन्दा बढि प्रतिनिधि/कार्यान्वयन अधिकारीहरुको सहभागिता रहेको थियो ।



उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका प्रमुख/निर्देशक शिखा अधिकारी रेग्मीले सहभागीहरुलाई स्वागत गर्दै वित्तीय पहुँच बृद्धीमा सहकारी संस्थाहरुको भुमीका बारे चर्चा गर्दै कानुनको पालना गर्न प्रतिबद्ध हुनुपर्ने आवश्यकता औंल्याउनु भयो । कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव हरि प्रसाद गुरागाँईले नेपाललाई FATF को Grey List बाट बाहिर निकाल्नु अहिलेको प्रमुख आवश्यकता रहेकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक सबै प्रकारको सहजीकरण गर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा सहकारी संस्थाहरुले पालना गर्नुपर्ने AML/CFT सम्बन्धी कानुनी तथा नियामकीय प्रावधानहरु बारे इकाईका उप-निर्देशक सचिन राज पियाले प्रस्तुतीकरण गर्नुभएको थियो जसमा कानुनी प्रबन्ध, अन्तराष्ट्रिय मापदण्ड र Mutual Evaluation ले गरेको दिशानिर्देश सम्वन्धमा प्रकाश पार्नु भएको थियो । यसैगरी, goAML System मा आवद्धता तथा रिपोर्टिङ्ग प्रक्रिया सम्बन्धमा वित्तीय जानकारी इकाईका प्रधान सहायक जनम थापाले दोश्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो जसमा goAML System, यसका विशेषता, यसको सुरक्षार्थ अपनाइएका उपायहरु साथै हालसम्म goAML मा दर्ता भएका संस्थाहरुको बिबरण, प्रदेशगत अबस्था, STR/SAR/TTR रिपोर्टिङ्गको अवस्था समेटिएको थियो । सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशका रजिष्टार नारायण प्रसाद ढकालले सहकारी संस्थाहरुको सुपरिवेक्षणका क्रममा देखिएका विषयबस्तुहरु सम्बन्धमा तेस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी प्रावधानहरु सहकारी संस्थाहरुले के कस्तो प्रक्रियाबाट अक्षरशः पालना गर्ने र पालना नगरेमा हुनसक्ने कारबाही समेटिएको थियो । कार्यक्रममा अन्तिम कार्यपत्र गृह मन्त्रालयका शाखा अधिकृत आशिष शर्माले लक्षित वित्तीय कारबाही (Targeted Financial Sanction) बारे प्रस्तुती गर्नुभएको थियो । उहाँले गृह मन्त्रालयले United Nations Security Council Consolidated List, प्रतिबन्धित सूची, कोष रोक्का आदेश, Guidance on De-listing and unfreezing of assets, Directive on Targeted Financial Sanctions on Terrorist Financing & Proliferation Financing आदि समावेस गरी Targeted Sanction List पोर्टल सन्चालनमा ल्याएको र हाल १ अर्बभन्दा बढि कारोबार वा बासलात भएका ३० भन्दा बढि संस्थाहरुलाई आवश्यक दर्ता गराई कार्यान्वयन

गरिएको र क्रमसः अन्य संस्थाहरुलाई जोड्दै जाने बताउनुभयो। यसको मुख्य उदेश्य प्रतिबन्धित सुचिमा रहेका ब्यक्ती, संस्थाको सम्पत्तीको तत्काल रोक्का गर्ने रहेको बताउनुभयो।




कार्यक्रममा एकाई प्रमुख वासुदेव भट्टराईले सहकारी क्षेत्रबाट goAML System मा बढ्दो आबद्धताप्रति खुसी व्यक्त गर्दै अझै प्रणालीमा आबद्ध हुन बाँकी रहेका संस्थाहरूलाई समेत यथाशीघ्र आबद्ध हुन आग्रह गर्नुभयो। उहाँले प्रणालीलाई प्रयोगकर्तामैत्री बनाउने उद्देश्यले विभिन्न सुधार तथा परिमार्जनहरू गरिएको र नियामक निकायहरूसँग आवश्यक पहुँच तथा समन्वयको व्यवस्था मिलाइएको जानकारी दिनुभयो। उहाँले कानुनी व्यवस्था बमोजिम तोकिएका संस्था तथा क्षेत्रहरूको goAML System मा आबद्धता अनिवार्य रहेको तथा जोखिममा आधारित दृष्टिकोण (Risk-Based Approach) अनुरूप अन्य संस्थाहरूलाई समेत चरणबद्ध रूपमा प्रणालीमा समेटिने बताउनुभयो। साथै, नेपालको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी वर्तमान अवस्था, ग्रे-लिस्टिङसँग सम्बन्धित प्रगति, कार्ययोजना (Action Plan) कार्यान्वयनको अवस्था तथा राष्ट्रिय रणनीतिका प्रमुख पक्षहरूबारे सहभागीहरूलाई जानकारी गराउनुभयो।

उहाँले Mutual Evaluation तथा अन्य मूल्याङ्कन प्रक्रियाहरूबाट औंल्याइएका सहकारी क्षेत्रका कमजोरीहरूलाई समयमै सम्बोधन गर्नु आवश्यक रहेको उल्लेख गर्दै अनुपालन संस्कृतिलाई थप सुदृढ बनाउन आग्रह गर्नुभयो। सहकारी विभागबाट भएका अनुगमन तथा निरीक्षणका क्रममा पहिचान भएका कमी-कमजोरीहरूको प्रभावकारी सुधारमार्फत क्षेत्रको पारदर्शिता तथा विश्वसनीयता अभिवृद्धि गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। कार्यक्रममा सहभागीहरूले उठाएका जिज्ञासा, प्रश्न तथा व्यावहारिक समस्याहरूको सम्बोधन गर्दै उहाँले कानुन, नीति तथा निर्देशनको परिधिभित्र रही Compliance Officer हरूले स्वतन्त्र र निष्पक्ष रूपमा goAML System मार्फत STR, SAR तथा TTR प्रतिवेदन पेश गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै, प्रभावकारी AML/CFT अनुपालन सुनिश्चित गर्न Compliance Officer हरूको भूमिका अझ सक्रिय, उत्तरदायी तथा परिणाममुखी हुनुपर्नेमा विशेष जोड दिनुभयो।

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, पोखरा महानगरपालिकाको समन्वयमा भएको उक्त कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो।